सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३३९ ♦ २०८३ साल भदौ १५ सोमवार ♦ 31 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा व्यक्तिगत उत्सवदेखि संस्थागत सहयोगसम्म

**खबर दर्पण समाचारदाता**
**भदौ १४ गते, बर्दिवास**



देशका विभिन्न क्षेत्रमा बाढीपहिरो लगायत प्राकृतिक विपत्तिका कारण ठूलो जनधनको क्षति भइरहेका बेला महोत्तरीबाट विपद्मा परेका नागरिकको राहत तथा उद्धारका लागि सहयोग जुट्ने क्रम जारी छ। व्यक्तिगत उत्सवदेखि सामाजिक तथा शैक्षिक संस्थासम्मले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम सहयोग गर्दै विपद्का पीडितप्रति ऐक्यबद्धता जनाएका छन्।

महोत्तरी गाउँमा जन्मिएका व्यवसायी शम्भुनाथ झाले आफ्नो जन्मदिनको अवसरमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ११ लाख एक रुपियाँ सहयोग गर्नुभएको छ। बाढीका कारण देशका विभिन्न क्षेत्रमा सयौं परिवार प्रभावित तथा विस्थापित भइरहेका बेला व्यक्तिगत खुसीभन्दा विपद्मा परेका नागरिकको सहयोगलाई प्राथमिकता दिँदै जन्मदिनमा हुने खर्च सहयोगमा परिणत गर्नुभएको हो।

झाले देश नै विपत्तिमा परेका बेला व्यक्तिगत उत्सवमा मात्र रमाउनु उचित नलागेकाले प्रभावित नागरिकको पीडामा आफ्नो तर्फबाट साथ दिने उद्देश्यले सहयोग गरेको बताउनुभयो।

"देश नै विपत्तिमा परेका बेला व्यक्तिगत खुसीमा मात्र रमाउनु उचित लागेन। बाढी तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको पीडामा थोरै भए पनि साथ दिनुपर्छ भन्ने सोचले जन्मदिनको अवसरमा सहयोग गरेको हुँ," उहाँले भन्नुभयो।

यसैगरी भोटेकोसी बाढीपीडितको सहयोगका लागि बर्दिबासकी सामाजिक अभियन्ता तथा योग गुरु सुमित्रा भट्टराईले ५१ हजार रुपियाँ सहयोग गर्नुभएको छ। उहाँले बर्दिबास-१ स्थित बिग मार्केटको क्गउभच क्भभिअतष्यल का तर्फबाट उक्त रकम सहयोग गर्नुभएको हो।

भोटेकोसी क्षेत्रमा आएको बाढीबाट ठूलो क्षति भएपछि प्रभावित परिवार राहत तथा पुनःस्थापनाको पर्खाइमा रहेका बेला मानवीय भावनासहित सहयोग गरिएको भट्टराईले बताउनुभयो। उहाँले विपद्का बेला सहयोग गर्नु सामाजिक दायित्व भएको उल्लेख गर्दै सहयोगको रकम ठूलो वा सानोभन्दा पनि पीडितप्रतिको साथ, सहानुभूति र मानवीय भावना महत्वपूर्ण हुने बताउनुभयो।

"विपद्मा परेका परिवारलाई सहयोग गर्नु हाम्रो सामाजिक दायित्व हो। कठिन अवस्थामा सबैले आफ्नो क्षमताअनुसार सहयोग र सहकार्य गर्दै पीडितको साथमा उभिनुपर्छ," उहाँले भन्नुभयो।

त्यसैगरी बर्दिबास उध्योग वाणिज्य संघको सहकार्यमा प्रधानमन्त्री विपद् व्यवसथापन कोषमा श्री कृष्ण चन्द्र ट्रेडर्स का सञ्चालक पोषणा थापाले रुरु ५१,००० सहयोग गर्नुभएको छ।

त्यस्तै मोनास्टिक स्कुल/कलेजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख एक हजार रुपियाँ सहयोग गर्ने भएको छ। प्राकृतिक विपत्तिबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम उपलब्ध गराउन लागिएको विद्यालयले जनाएको छ।

विद्यालयका निर्देशक डा. सोनु साहले विपद्का बेला पीडित परिवारको साथमा उभिनु सबैको साझा सामाजिक दायित्व भएको बताउनुभयो। विद्यालयले गर्न लागेको सहयोग रकम ठूलो नभए पनि पीडितको दुःखमा साथ र ऐक्यबद्धता प्रकट गर्ने प्रयास भएको उहाँको भनाइ छ।

"विपत्तिको समयमा पीडित परिवारलाई सहयोग गर्नु सबैको साझा दायित्व हो। हाम्रो यो सहयोग सानो भए पनि पीडितको दुःखमा साथ र ऐक्यबद्धता प्रकट गर्ने प्रयास हो। समाजका हरेक वर्ग र संस्थाले आफ्नो क्षमताअनुसार सहयोग गर्न सके विपद्बाट प्रभावित नागरिकलाई राहत पुग्नेछ," डा. साहले भन्नुभयो।

महोत्तरीबाट व्यक्तिगत, व्यावसायिक तथा संस्थागत रूपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग पुग्ने क्रमले विपद्को समयमा सामाजिक उत्तरदायित्व र मानवीय सहयोगको भावना बलियो हुँदै गएको देखाएको छ। बाढीपहिरोका कारण घरबार, धनसम्पत्ति तथा आफन्त गुमाएका परिवार तत्कालीन राहतसँगै दीर्घकालीन पुनःस्थापनाको आवश्यकतामा रहेका बेला विभिन्न क्षेत्रबाट प्राप्त हुने यस्तो सहयोगले प्रभावित नागरिकलाई राहत र मनोबल प्रदान गर्ने अपेक्षा गरिएको छ।

सहयोगकर्ताहरूले विपद्को यस कठिन घडीमा सरकार, निजी क्षेत्र, सामाजिक संस्था तथा नागरिक समाज सबैले आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग तथा सहकार्य गर्नुपर्नेमा जोड दिएका छन्।

## भोटेकोशी बाढीपीडितका लागि मधेशका होटल व्यवसायीको ११ लाख ७९ हजार सहयोग

**खबर दर्पण समाचारदाता**
**भदौ १४ गते, बर्दिवास**

भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि मधेश प्रदेशका होटल तथा पर्यटन व्यवसायीले करिब १२ लाख रुपियाँ सहयोग गरेका छन्। नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ, मधेश प्रदेशको पहलमा सञ्चालित सहयोग अभियानबाट ११ लाख ७९ हजार रुपियाँभन्दा बढी रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको महासंघले जनाएको छ। विपद्मा परेका परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको अभियानमा मधेश प्रदेशमा आबद्ध होटल व्यवसायी तथा विभिन्न होटल संघको सहभागिता रहेको थियो।

अभियानअन्तर्गत पर्साको भिस्वा होटलले पाँच लाख रुपियाँ सहयोग गरेको छ। लालगढको गौतम होटलले एक लाख ५१ हजार, सर्लाहीको नमस्ते होटलले एक लाख ११ हजार १११, धनुषाको होटल हंसराजले एक लाख १० हजार तथा महोत्तरी होटल संघ र सर्लाहीको सुजाता होटलले एक-एक लाख रुपियाँ सहयोग गरेका छन्।

यसैगरी जनकपुरको होटल वेलकम र धनुषाको राजु होटलले ५१-५१ हजार तथा रौतहटको चन्द्रपुरस्थित गोल्डेन ब्याङ्क्वेटले पाँच हजार १०० रुपियाँ सहयोग गरेको महासंघका मधेश प्रदेश अध्यक्ष हिरा गौतमले जानकारी दिनुभयो।

अध्यक्ष गौतमले होटल तथा पर्यटन व्यवसायलाई आर्थिक गतिविधिमा मात्र सीमित नराखी सामाजिक उत्तरदायित्व बहन गर्ने क्षेत्रका रूपमा पनि अघि बढाउनुपर्ने बताउनुभयो। विपद्को समयमा प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो।

"विपत्तिको समयमा सहयोग रकमको आकारभन्दा पीडित नागरिकप्रति देखाइएको संवेदना, एकता र सहकार्य महत्वपूर्ण हुन्छ। व्यवसायीले आफ्नो क्षमताअनुसार गरेको सहयोगले राहत तथा उद्धारका लागि भइ रहेका प्रयासमा थप टेवा पुग्नेछ," उहाँले भन्नुभयो।

महासंघले विपद्का बेला निजी क्षेत्रको सामाजिक उत्तर दायित्वलाई थप प्रभावकारी बनाउने उद्देश्यले अभियानलाई निरन्तरता दिने जनाएको छ। साथै मधेश प्रदेशका थप होटल तथा पर्यटन व्यवसायीलाई आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग अभियानमा सहभागी हुन आग्रह गरेको छ।

महासंघले अभियानमा सहभागी होटल व्यवसायी, होटल संघ तथा सहयोगी संस्थाप्रति आभार व्यक्त गर्दै विपद्मा परेका नागरिकको राहत तथा पुनःस्थापनाका लागि सबै क्षेत्रबाट सहकार्य आवश्यक रहेको जनाएको छ।

# रसुवाको भोटेकोशीमा आएको भीषण बाढीको प्रत्यक्ष असर पूर्व-पश्चिम राजमार्ग स्तरोन्नतिमा



**खबर दर्पण समाचारदाता**

**भदौ १४ गते, बर्दिवास**

रसुवाको भोटेकोशीमा आएको भीषण बाढीको प्रत्यक्ष असर पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति आयोजना (दोस्रो खण्ड) मा परेको छ। आयोजनामा कार्यरत करिब ४० प्रतिशत प्राविधिक कर्मचारी तथा मजदुरका परिवार बाढीबाट प्रभावित भएपछि कमला-बडहरी-फूलजोर-बागमती (७४.७५ किलोमिटर) पूर्वी खण्डको निर्माण कार्य सुस्त बनेको छ।

आयोजनाको ठेकेदार कम्पनी 'स्वेग-आरसीसी जेभी'का प्रोजेक्ट म्यानेजर सुबोध रिसालका अनुसार विपद्का कारण आयोजनामा कार्यरत करिब ४० प्रतिशत प्राविधिक कर्मचारी तथा मजदुर प्रभावित भएका छन्।

आयोजनामा ४०० देखि ४५० जनासम्म कामदार तथा कर्मचारी कार्यरत छन्। तीमध्ये बाढी प्रभावित क्षेत्र रसुवा, नुवाकोट, चितवन र धादिङ घर भएका एक सयभन्दा बढी कर्मचारीका परिवार विपद्को चपेटामा परेका छन्। प्रभावित हुनेमा आयोजनामा कार्यरत चालक, सहचालक, मेसिन अपरेटर, सुपरभाइजर लगायत करिब ४० प्रतिशत प्राविधिक कामदार छन्। उनीहरूमध्ये कतिपयको आफ्नै तथा कतिपयका आफन्तको घर परिवार बाढीको विपदमा परेका छन्। धनमालको समेत व्यापक क्षति भएकाले ती कर्मचारी घर फर्किएपछि आयोजनामा अहिले कामदारको अभाव भएको रिसालले बताउनुभयो।

'हामीले बर्खामा पनि सुरक्षा सावधानी अपनाएर काम निरन्तर अगाडि बढाइरहेका थियौं। तर, अकस्मात् आएको बाढीले जनशक्ति अभाव सिर्जना हुँदा कामको गति सुस्त बनेको छ। तथापि आयोजनाको काम पूर्ण रूपमा रोकिएको छैन,' प्रोजेक्ट म्यानेजर रिसालले भन्नुभयो।

हालसम्म बडहरी-फूलजोर र फूलजोर-बागमती खण्डका २४ वटा पुलमध्ये छवटाको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। प्रभावित कर्मचारी केही दिनभित्रै काममा फर्किने र त्यसपछि निर्माणले पुनः गति लिने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

विश्व बैंकको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा सञ्चालित यो आयोजना सन् २०२५ जनवरी १ देखि सुरु भएको हो। आयोजना सन् २०२७ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सडकको दायाँ-बायाँका रुख कटानमा ढिलाइ, विद्युत्का पोल सार्न प्राधिकरणको आनाकानी, इन्धनको मूल्यवृद्धि, बन्द-आन्दोलन तथा निर्माण सामग्रीको अभावका कारण सुरुदेखि नै आयोजनाले अपेक्षित गति लिन सकेको छैन।

गौरीडाँडास्थित कमला-ढल्केवर-पथलैया सडक आयोजनाका प्रवक्ता एवं इन्जिनियर रामटहल यादवका अनुसार यस अवधिसम्म ५० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसक्नुपर्नेमा हालसम्म ३४ प्रतिशत मात्र भौतिक प्रगति भएको छ। त्यसमाथि पछिल्लो समय कामदारका गाउँबस्तीमै बाढीको विपद् परेपछि निर्माण कार्य थप प्रभावित बनेको हो।

# भोटेकोशी बाढीः मधेशका पाँच सुरक्षाकर्मी सम्पर्कविहीन, सात सम्पर्कमा

**खबर दर्पण समाचारदाता**

**भदौ १४ गते, बर्दिवास**



रसुवा जिल्लामा कार्यरत मधेश प्रदेशका सुरक्षाकर्मीमध्ये दुई नेपाली सेनासहित पाँच जना सम्पर्कविहीन भएका छन्। रसुवाका विभिन्न प्रहरी चौकी तथा नेपाली सेनामा कार्यरत उनीहरूसँग भोटेकोशीमा बुधबार आएको बाढीपछि सम्पर्क हुन नसकेको विवरण मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले संकलन गरेको छ।

भोटेकोशीको बाढीपछि तीन नेपाली सेनासहित १२ जना सुरक्षाकर्मी सम्पर्कविहीन भएका थिए। तीमध्ये एक नेपाली सेनासहित सात जना सम्पर्कमा आइसकेका छन् भने दुई नेपाली सेनासहित पाँच जना अझै सम्पर्कविहीन रहेको मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले जनाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार प्रहरी चौकी गोल्जुङबेँसीबाट इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत पर्साको पर्सागढी नगरपालिका-९ का प्रहरी हवल्दार श्रवणकुमार यादव सम्पर्कविहीन हुनुहुन्छ। उहाँ २०८३ वैशाख १२ गतेदेखि फिल्डमा खटिनुभएको थियो।

त्यसैगरी रौतहटको गौर नगरपालिका-९ निवासी तथा रसुवागढीस्थित प्रहरी चौकीबाट अस्थायी प्रहरी पोस्ट मैलुङमा कार्यरत प्रहरी हवल्दार नवीनकुमार सिंह पनि सम्पर्कविहीन हुनुहुन्छ। सिंह २०८२ माघ ७ गतेदेखि उक्त स्थानमा कार्यरत रहनुभएको छ।

सर्लाहीको रामनगर गाउँपालिका-२ निवासी तथा जिल्ला प्रहरी कार्यालय रसुवामा कार्यरत प्रहरी जवान गजेन्द्र राय पनि सम्पर्कविहीन हुनुहुन्छ। त्यस्तै, नेपाली सेनाको श्री सुवेश मैलुङ पोस्ट, रसुवामा कार्यरत रौतहटको मौलापुर नगरपालिका-७, सगैयाका सिपाही अभिषेक गुप्ता तथा रसुवामा नेपाली सेनामा कार्यरत बाराको सुवर्ण गाउँपालिका-१ का सुरजकुमार साह पनि सम्पर्कविहीन हुनुहुन्छ।

## सात सुरक्षाकर्मी सम्पर्कमा

यसैबिच, रसुवामा कार्यरत मधेश प्रदेशका सात सुरक्षाकर्मी सम्पर्कमा आएका छन्। पर्साको पोखरिया नगरपालिका-५, सतवरिया निवासी तथा रसुवाको धुन्चेमा कार्यरत प्रहरी जवान ओजिर अंसारी र रौतहटको राजदेवी नगरपालिका-२ निवासी तथा प्रहरी चौकी सरमथली पाँचच्याङबाट प्रहरी चौकी बेत्रावतीमा कार्यरत प्रहरी हवल्दार सुरेन्द्र बैठा सम्पर्कमा आइसक्नुभएको छ।

यस्तै, रसुवामा सशस्त्र प्रहरी सेवामा कार्यरत रौतहटको बौधीमाई नगरपालिका-८ का प्रहरी जवान मुकेश गोसाई, इलाका प्रहरी कार्यालय कालिकास्थानमा कार्यरत सर्लाहीको कबिलासी नगरपालिका-९, गैर बजार निवासी रमेश राय यादव तथा जिल्ला प्रहरी कार्यालय रसुवाअन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रबाट प्रहरी चौकी स्याफ्रुबेँसीमा कार्यरत धनुषाको हंसपुर नगरपालिका-४ का प्रहरी सहायक हवल्दार गणेश मण्डल पनि सम्पर्कमा आइसक्नुभएको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले जानकारी दिनुभयो।

यस्तै, जिल्ला प्रहरी कार्यालय रसुवामा कार्यरत कार्यालय सहयोगी सप्तरीको कञ्चनरुप नगरपालिका-८ का अजय मरिक तथा रसुवामा नेपाली सेनामा कार्यरत बाराको जितपुर सिमरा उपमहानगरपालिका-१२, शक्तिटोलका रोवितकुमार साह पनि सम्पर्कमा आइसक्नुभएको छ।

रसुवामा कार्यरत सुरक्षाकर्मीमध्ये सम्पर्कविहीन भएकाहरूको अवस्था यकिन गर्न सम्बन्धित सुरक्षा निकायले खोजी तथा समन्वय गरिरहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले जानकारी दिनुभयो।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भोटेकोशी बाढीः मधेशका १६२ जना अझै बेपत्ता, ३० जना परिवारको सम्पर्कमा

**खबर दर्पण समाचारदाता**

**भदौ १४ गते, बर्दिवास**

रसुवाको भोटेकोशीमा आएको विध्वंशकारी बाढीमा परेर मधेश प्रदेशका विभिन्न जिल्लाका १९२ जना बेपत्ता भएकोमा ३० जना परिवारको सम्पर्कमा आएका छन् । अझै १६२ जनाको अवस्था अज्ञात रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं एसएसपी प्रभ प्रसाद ढकालका अनुसार बाढीपछि आफन्तले दिएको खोजतलास निवेदनका आधारमा संकलित विवरणअनुसार सप्तरीका ४९ जना बेपत्ता भएका थिए । तीमध्ये एक जना परिवारको सम्पर्कमा आए पनि ४८ जनाको अवस्था अझै अज्ञात छ ।

सिरहाबाट बेपत्ता भएका १० जनामध्ये दुई जना सम्पर्कमा आएका छन् भने ८ जना अझै सम्पर्कविहीन छन् । धनुषाका १३ जनामध्ये ७ जना परिवारको सम्पर्कमा आएका छन् भने ६ जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ ।

त्यस्तै, महोत्तरीका १७ जनामध्ये ७ जना सम्पर्कमा आएका छन् भने १० जना अझै बेपत्ता छन् । सर्लाहीबाट बेपत्ता भएका १९ जनामध्ये तीन जना सम्पर्कमा आए पनि १६ जनाको अवस्था अज्ञात छ ।

रौतहटबाट हराएका १९ जनामध्ये तीन जना सम्पर्कमा आएका छन् भने १६ जना अझै बेपत्ता छन् । बाराका २५ जनामध्ये दुई जना सम्पर्कमा आए पनि २३ जनाको अवस्था अज्ञात छ ।

पर्साबाट सम्पर्कविहीन भएका ४० जनामध्ये दुई जना परिवारको सम्पर्कमा आएका छन् भने ३८ जनाको अवस्था अझै थाहा हुन सकेको छैन ।

यसैगरी, नेपाल प्रहरीमा कार्यरत मधेसका नौ जनामध्ये छ जना सम्पर्कमा आएका छन् भने तीन जना अझै सम्पर्कविहीन छन् । नेपाली सेनामा कार्यरत तीन जनामध्ये एक जना सम्पर्कमा आए पनि दुई जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ ।

सम्पर्कविहीनमध्ये अधिकांश जलविद्युत् आयोजनामा कार्यरत रहेको र बाढीका कारण उनीहरू आयोजनाका सुरुङ तथा अन्य संरचनाभित्र फसेको हुनसक्ने आशंका परिवारजनले गरेका छन् ।



रसुवा, धादिङ र नुवाकोटलगायतका क्षेत्रमा रोजगारी, व्यापार तथा व्यवसायका लागि पुगेका मधेसका नागरिक बाढीपछि सम्पर्कमा नआएपछि परिवारजन चिन्तित बनेका छन् ।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर बेपत्ता भएकाहरूको खोजी तथा उद्धारका लागि आफन्तले सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका छन् ।

प्रहरीले पनि आफ्ना आफन्त हराएको वा सम्पर्कविहीन भएको भए नजिकको प्रहरी युनिट, इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा आवश्यक विवरणसहित निवेदन दिन आग्रह गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन व्यक्तिहरूको खोजीका लागि रसुवा, धादिङ, नुवाकोटलगायत बाढी प्रभावित जिल्लाका प्रहरी कार्यालयसँग समन्वय गरी काम भइरहेको जनाएको छ ।

बाढीमा परेकाहरूको यकिन अवस्था पत्ता लगाउन खोजी तथा पहिचानको कामलाई तीव्रता दिनुपर्ने परिवारजनको माग छ ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**



# मुक्त हरवाचरवाको माग सम्बोधन नभएपछि आन्दोलन थप सशक्त बनाउने चेतावनी

**खबर दर्पण समाचारदाता**

**भदौ १४ गते, बर्दिवास**

मुक्त हरवाचरवाको पहिचान, लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा दिगो पुनर्स्थापनाको माग गर्दै हरवाचरवा संघर्ष समितिको आयोजनामा जनकपुरधाममा जारी अनिश्चितकालीन धर्ना थप सशक्त बनाउने निर्णय गरिएको छ।

मधेश प्रदेश सरकारको पुरानो मुख्यमन्त्री कार्यालय अगाडि मिल्स एरियामा भदौ १० गतेदेखि सुरु भएको धर्नाप्रति प्रदेश सरकारले हालसम्म ठोस पहल नगरेको भन्दै संघर्ष समितिले आन्दोलनलाई निरन्तरता दिने निर्णय गरेको हो।

मुक्त हरवाचरवा अधिकार मञ्चको अगुवाइमा यसअघि भदौ २९ गते मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री माननीय श्याम प्रशाद पटेललाई मुक्त हरवाचरवाको माग सम्बोधन गर्न १० दिने अल्टिमेटमसहित ज्ञापनपत्र बुझाइएको थियो। निर्धारित समयभित्र माग सम्बोधन नभएपछि भदौ ९ गते मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका हजारौँ मुक्त हरवाचरवाको सहभागितामा जनकपुरधामस्थित रेलवे स्टेशनदेखि मुख्यमन्त्रीको कार्यालयको गेटसम्म विरोध प्रदर्शन गरिएको थियो।

प्रदर्शनपछि मुख्यमन्त्रीको कार्यालयले संघर्ष समितिलाई वार्ताका लागि बोलाए पनि भदौ १० गते प्रदेश सरकार र संघर्ष समितिबीच भएको वार्ता निष्कर्षविहीन भएपछि आन्दोलनकारीले अनिश्चितकालीन धर्ना सुरु गरेका हुन्। संघर्ष समितिका संयोजक श्रीप्रसाद सदाले मुक्त हरवाचरवाको समस्या केवल राहत वा तत्कालीन सहायताको विषय नभई पहिचान, भूमि अधिकार, सम्मानजनक जीवन र दीर्घकालीन पुनर्स्थापनासँग जोडिएको मौलिक अधिकारको विषय भएको बताउनुभयो। उहाँले प्रदेश सरकारले तत्काल स्पष्ट कार्ययोजना स्वीकृत गरी लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण र भूमिहीन हरवाचरवा परिवारको दिगो पुनर्स्थापना सुनिश्चित नगरेसम्म आन्दोलन नरोकिने चेतावनी दिनुभयो।




आन्दोलन परिचालन समितिका सदस्य वालाराम भट्टराईका अनुसार भदौ १४ गते बसेको संघर्ष समितिको बैठकले आन्दोलनलाई अझ सशक्त बनाउने निर्णय गरेको छ। उहाँका अनुसार माग सम्बोधन नभएसम्म धर्ना, र्‍याली, मैनबत्ती जुलुसलगायतका कार्यक्रम सञ्चालन गरिनेछ। साथै आन्दोलनमा ऐक्यबद्धता जनाउन राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, व्यवसायी, बुद्धिजीवी, कानुनविद् तथा सम्पूर्ण सरोकारवालालाई आह्वान गरिनेछ। संघर्ष समितिले प्रदेश सरकारलाई वार्तामार्फत समस्या समाधान गरी मुक्त हरवाचरवाको सम्मानजनक पुनर्स्थापनाका लागि तत्काल ठोस निर्णय लिन आग्रह गरेको छ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,